प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मितिः २०७८।११।०५ गतेको सचिव बैठकको निर्णयहरुः

१. मिति २०७८।१०।०५ गते बसेको सचिव बैठकको निर्णयहरुको प्रगतिको समीक्षा गरियो।

२. मन्त्रालय र निकायहरुले हालसम्म भए गरेका कार्यक्रमको प्रगति संक्षिप्त रुपमा प्रस्तुत भइ छलफल गरियो।

३. राष्ट्रिय योजना आयोगको च.नं. ३५८ मिति २०७८।१०।२६ को पत्रानुसार जलवायु परिवर्तनको विषय र लक्ष्यहरुमा संवेदनशील भई काम गर्ने सम्बन्धी पत्रको विषयमा जानकारी गरियो।

४. सबै मन्त्रालय र निकायले प्रदेश अनुगमन प्रणालीमा यथाशीघ्र प्रगति प्रविष्टि गर्ने साथै गण्डकी प्रदेश कर्मचारी सूचना प्रणाली (PPIS) मा यथाशीघ्र कर्मचारीको विवरण प्रविष्टि गर्ने।

५. सबै मन्त्रालय र निकायहरुले वार्षिक विनियोजन शीर्षकमा उल्लेख भएको सीमाभित्र रहेर वार्षिक कार्यक्रम सञ्चालन गर्ने र विनियोजित बजेटले नपुग हुने भएमा कार्यक्रम गर्नु अगाडि अर्थ मन्त्रालयसँग थप बजेटको सुनिश्चितता गरेर मात्र कार्यक्रम सञ्चालन गर्ने।

६. मन्त्रालय र निकायहरुले आ-आफ्नो निकायसँग सम्बन्धित मन्त्रिपरिषद्बाट निर्णय भएका विषयको कार्यान्वयन अवस्थाको कार्यप्रगति आगामी बैठकबाट नियमित रूपमा प्रस्तुत गर्ने।

७. आफ्नो जिम्मेवारी क्षेत्रमा रहेको कार्यहरूको कार्यान्वयनका लागि आवश्यक पर्ने ऐन, नियमको मस्यौदा तयार गर्ने लगायतका सम्पूर्ण प्रक्रियाको कार्ययोजना तयार गर्ने।

८. मन्त्रालय र निकायहरुले वार्षिक विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा भएको प्रगति विवरण मासिक रुपमा महिनाको ७ गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

९. मिति २०७८।११।०४ गते प्रदेश सरकार स्थापना दिवसको चौथो वार्षिकोत्सव समारोह सम्पन्न गर्न आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने मन्त्रालय/निकाय लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने।

१०. प्रदेश सरकार स्थापना दिवसको चौथो वार्षिकोत्सवको अवसरमा पुरस्कृत हुने नमूना कार्यालयहरु र कर्मचारीहरुलाई हार्दिक बधाइ ज्ञापन गर्ने।

११. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशका प्रदेश सचिव डा. श्रीराम तिवारी र आन्तरिक मामिला मन्त्रालय, गण्डकी प्रदेशका प्रदेश सचिव श्री बद्रिनाथ अधिकारीलाई हार्दिक स्वागत गर्दै आगामी कार्यकालको सफलताको शुभकामना व्यक्त गर्ने।

२०७८।११।५

प्रमुख सचिव